## नमूना संकलन तथा प्रेषण कार्यविधि अनिवार्य अपनाउने सम्बन्धमा ।
**(भन्सार विभाग प्रयोगशाला शाखाको प.सं. ०७४।७५ च.नं. १९२ मिति २०७४।६।२७)**

भन्सार विभागमा वर्गीकरण तथा नमूना परीक्षण गर्न पठाउंदा यस विभागबाट स्वीकृत "प्रयोगशाला परीक्षण तथा वस्तु वर्गीकरणका निमित्त मालवस्तुको नमूना संकलन तथा प्रेषण सम्बन्धी कार्यविधि, २०७३" अनविार्य रुपले अपनाउन उक्त कार्यविधि संलग्न राखी पुनः परिपत्र गरिएको छ । उक्त कार्यविधि नअपनाई गरिएका कार्यवाट सो सँग सम्बन्धित मुद्दाहरु कमजोर हुन गई अदालतबाट कार्यालयको पक्षमा फैसला हुन समेत वाधा सिर्जना भएको देखियो । कार्यविधि वेगर प्राप्त नमूना परीक्षण गर्न नसकिने व्यहोरा समेत जानकारी गराइन्छ ।

### प्रयोगशाला परीक्षण तथा वस्तु वर्गीकरणका निमित्त मालवस्तुको नमूना संकलन तथा प्रेषण सम्बन्धी संक्षिप्त कार्यविधि, २०७३

१. प्रयोगशाला परीक्षण वा भन्सार वर्गीकरणका लागि नमूना पठाउंदा संकलन गरिने नमूनाले Bulk Population वा कारोवार भएको वस्तुलाई प्रतिनिधित्व गर्दछ भन्ने मान्यताले संकलन गरिएको हुनुपर्छ ।

२. घोषित प्याकेटहर वा टैङ्कर चेम्वरहरुको संख्याले देहायवमोजिम परीक्षणको लागि संकलन गर्नुपर्ने नमूनाको संख्या निर्धारण हुन्छ ।

| प्याकेट संख्या वा टैङ्कर/कन्टेनर चेम्वर | नमूना संख्या |
|---|---|
| १ | १ |
| २–८ | २ |
| ९–२७ | ३ |
| २८–६४ | ४ |
| ६५–१०० | ५ |
| १०१–२०० | ५% |
| २०१–५०० | ३% |
| ५०१–१००० | २% |
| १००१ भन्दा माथि | १% |
| उदाहरणको लागि प्याकेट भन्नाले कार्टुन वा वक्स वा यस्तै वल्क प्याकिङ्ग सम्भmनु सकिन्छ । | |

३. नमूना संकलन गर्दा सम्वन्धित विषयको तालिम पाएको वा अनुभवी कर्मचारीले आयातकर्ता वा मालधनीको रोहवरमा लिनुपर्छ ।

४. माथि वुंदा नं. २ अनुसार नमूना लिंदा रेन्डमली कन्टेनर वा ट्रकको तल, माथि, वीच, अगाडि, पछाडि सबैतिरबाट पर्ने गरी रेन्डमली संकलन गर्नुपर्छ ।

५. संकलित नमूनाको खुद्रा प्याकेट करिव १ किलोसम्मको भएको सम्पूर्ण प्याकेट नै नमूना मानी संकलन गर्न सकिन्छ ।

६. खुद्रा प्याकेट ठूलो भएमा वा वस्तु वहुमूल्य भएमा खुद्रा प्याकेटबाट केही अंश झिकी नमूना तयार गर्नुपर्छ ।

७. खुद्रा प्याकेटबाट केही अंश झिकी तयार गरेको नमूनामा प्याकेट, वस्तुको कार्टुनमा भएको सम्पूर्ण विवरण जस्तैः नाम, मात्रा, Lot no, Exp date, आदि फोटो खिची वा नक्कल उतार गरी सम्बन्धित कर्मचारी र आयातकर्ता वा मालधनीले सही गरी टाँस गर्नुपर्छ ।

८. नमूना परीक्षण गर्न संकलन गरिएको संख्याको थप २ गुणना प्रतिलिपि नमूना तयार गर्नुपर्छ ।

९. प्रतिलिपि नमूनामा पनि बुंदा ६ र ७ को प्रक्रिया अपनाउनु पर्छ ।

१०. परीक्षण गर्न पठाउंदा १ सेट वा प्रति नमूना मात्र पठाइ २ सेट प्रतिलिपि नमूना कार्यालयमै सुरक्षित राखी नतिजा प्राप्त भएको ६० दिन वा विवाद वा मुद्दा टुङ्गो लागेपछि (जुन लामो अवधि हुन्छ) उचित विधिले विस्थापन वा नष्ट गर्न सकिन्छ, नमूनाको सेट भन्नाले बुंदा नं. २ अनुसारका जम्मा नमूनालाई बुझिन्छ ।

११. परीक्षणको लागि पठाउने वा कार्यालयमा राख्ने प्रत्येक सेट नमूनालाई सुरक्षित वक्स, कार्टुन वा उचित प्याकेटमा राखी सीलवन्दी गर्नुपर्छ । सीलवन्दी गर्दा आयातकर्ता वा मालधनी वा निजको प्रतिनिधिको रोहवरमा गर्नुपर्छ । सीलवन्दी गर्दा आफ्नै कार्यालयको नाम अंकित सील प्रयोग गर्नुपर्छ र के कस्तो प्रकारको सील कति थान सील लगाइएको हो भन्ने कुरा नमूना पठाइएको पत्रमा पनि उल्लेख गर्नुपर्दछ ।

१२. बुंदा नं. ११ अनुसारको प्याकेटको वाहिर देहाय बमोजिमको मुचुल्का वनाई टाँस्नुका साथै फायल साथ राख्नु पर्छ ।

नमूना पठाउने प्रयोगशालाको नामः

कार्यालयको (नमूना पठाउने) नामः

नमूनाको नाम र कोडः

उत्पादनको नामः

उत्पादन मितिः कार्यालयको छाप

म्यान गुज्रने मितिः

प्र.द.नं. :

प्र.द.न.. दर्ता मितिः

नमूना पठाएको पत्रको च.नं. र मितिः

पैठारीकर्ताको नामः

स्थायी लेखा नं.:

सीलको विवरण र संख्याः

<u>नमूना संकलन गर्ने कर्मचारीको सही र मितिः</u> <u>मालधनी वा प्रतिनिधिको सही र मितिः</u>

रोहवर १. रोहवर २

अन्य आवश्यक कुरा वा सावधानी:

माथि उल्लेखित लेवल सम्भव भएसम्म नमूना राखिएको भाँडोमा पनि टाँस गर्नुपर्दछ । तर यो मुचुल्का (लेवल) टाँस गर्दा उत्पादकले छापेको लेवलको महत्वपूर्ण खण्ड छोपिने गरी टाँस गर्नु हुँदैन । विज्ञापनमूलक भागमा टाँस गर्न सकिन्छ ।

प्रत्येक नमूनालाई विशेष (युनिक) कोड दिनु पर्छ र यसको विवरण (लग) कार्यालयले राख्नु पर्नेछ ।

१३. संकलन गरिएको नमूना राख्ने भाँडो सफा, नचुहिने, नफुट्ने र नमूना नविग्रने हुनुपर्छ । भाँडोमा भएको फोहर वा सुक्ष्म तत्व वा सुक्ष्म जविले नमूनाको गुण विग्रन सक्ने भएकोले नमूना संकलनकै लागि वनाइएका बजारमा पाइने टेफलन प्याष्टिकका भाँडा वा धातु वा एल्मुनियमका भाँडा प्रयोग गर्नुपर्छ ।

(जस्तैः पानीको वोतलवाट पानी फाली अर्को पदार्थको नमूना राखी पठाउंदा नमूनाको गुणस्तर परिवर्तन हुन सक्छ)

१४. नमूना राख्ने भाँडो छनौट गर्दा नमुना वा पदार्थले भाँडोसँग प्रतिक्रिया नगर्ने खालको भाँडो छाल्नु पर्छ । जस्तैः पोलिथिन वोटलमा कडा रसायन राख्दा भाँडो प्वाल पर्न सक्छ, धातुको भाँडोको एसिड वा अल्काली राखेमा भाँडोसँग Reaction गर्दछ ।

१५. नमूना राख्ने भाँडोको विर्को लगाउंदा Auto Seat हुने खालको, तरल पदाथृ नचुहिने, लिक नहुने र वाष्पीकरण हुन नसक्ने गरी भित्री विर्को पनि भएको हुनु उपयुक्त हुन्छ । नमूना पठाउन अघि लिक नभएको एकीन गरेर मात्र पठाउनु पर्छ ।

१६. सिसाको भाँडोमा नमूना भएमा ढुवानी गर्दा नफुट्ने गरी थर्मकोल वा कागजको टुक्रा वरिपरी राखी प्याकिङ्ग गर्नुपर्छ ।

१७. नमूना पठाउंदा पैठारीकर्ता वा निजको प्रतिनिधि मार्फत नपठाई कार्यालयको कर्मचारी वा स्वतन्त्र कुरियर मार्फत पठाउनु पर्छ ।

१८. सामान्यतयाः ठोस वस्तुको एउटा नमूना २५० ग्राम देखि ५०० ग्रामसम्मको र तरल पदार्थको नमूना २५० उम एल देखि ५०० एम एल सम्म भए उपयुक्त हुन्छ ।

१९. औषधी पदार्थको नमूना १० ग्राम जति भए पुग्छ ।

२०. उल्लिखित विषयमा द्विविधा परेमा प्रयोगशाला शाखासँग समन्वय गर्न वा जानकारी माग्न सकिनेछ ।

उल्लिखित प्रक्रिया पूरा नगरी प्राप्त भएका नमूना परीक्षण गर्दा नतिजामा फरक पर्न सक्ने भएकोले त्यस्ता नमना परीक्षण गर्न अस्वीकार गर्न सकिनेछ ।